फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
फ्याक्स (Fax No.) ०१-४४५१२४२ (01-4451242)

# कागेश्वरी मनोहरा नगरपालिका
# KAGESHWORI MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

पत्र संख्या: २०७६/७७

मिति: २०७७/०३/०३

## प्रेस विज्ञप्ति

आज मिति २०७७ असार ०३ गते बुधबारका दिन यस कागेश्वरी मनोहरा नगरपालिकाका नगर प्रमुख श्री कृष्णहरि थापाको अध्यक्षतामा सामाजिक दुरी कायम राख्दै बसेको नगर कार्यपालिकाको बैठकले गरेका निर्णय सबैका जानकारीको लागि प्रेसित गरीएको छ ।

१. नगरपालिकाको यहि मिति २०७७ असार ७ गते बस्ने चौथों नगरसभामा पेश हुने आ.व. २०७७/७८ को आर्थिक ऐन, विनियोजन ऐन र नीतिगत प्रस्तावलाई नगर सभामा लैजाने ।
२. यस नगरपालिकामा अस्थाई वा स्थाई बसोबास भएका व्यक्तिहरु विभिन्न कामले देशका विभिन्न जिल्ला वा देश बाहिर रहेको अवस्थामा निजहरु फर्की आउन चाहेको अवस्थामा अर्काको घर-डेरा भाडामा बसेको भए सो घरको घरबेटीको मन्जुरी सहित वडामा निवेदन दिने, आफ्नो घर भएको हकमा निजको परिवारको सदस्यले निवेदन दिने, वडामा पर्न आएको निवेदन अनुसार वडामा रहेका जनप्रतिनिधिले निजको बस्ने स्थान सुरक्षित छ छैन एकिन गरि, होम क्वारेन्टाइनमा बस्ने सुविधा भए होम क्वारेन्टाइनमा राख्न सकिने ।
३. तत्काल RDT वा PCR टेस्ट गर्नुपर्ने व्यक्ति भएमा वडाको सिफारिसमा नगर अस्पतालबाट निश्चित संख्यामा गराउने र प्रत्येक हप्ताको सोमबार र शुक्रबार आवश्यकता अनुसार प्रत्येक दिन स्वाब लिने ।
४. नगरपालिकाले क्वारेन्टाइनको ब्यबस्था गरेको आलापोट स्वास्थ्य चौकीमा फोकल पर्सन वडा अध्यक्ष सुदर्शन धिमाल, ब्यन्जन पार्टी प्यालेस, थलीमा, वडा अध्यक्ष राजाराम पुडासैनी र मुलपानी नगर अस्पतालमा वडा अध्यक्ष प्रकाश फूयाल, वडा नं. ९ मा कुन्दन खड्कालाई तोकिएको छ ।
५. कोरोनाको असरबाट कोही कसैको मृत्यु भएमा मृतकको शव ब्यबस्थापनका लागि अपनाउने प्रक्रियाको डेमो (DEMO) यहि मिति २०७७ असार ०५ गते दिउसो ११:०० बजे देखि १:०० बजे सम्म कान्तिभैरव मा.वि. थली चौरमा नेपाली सेनाबाट हुने भएकोले सरोकार राख्ने व्यक्तिहरुलाई उपस्थित हुन जानकारी गराउने ।

राजाराम पुडासैनी
नगर प्रवक्ता